**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३१ जनवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**<u>मुख्य समाचार</u>**

- भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री श्री शाहले ममता बनर्जीको नेतृत्वमा रहेको सरकारले बिभिन्न समुदायहरूलाई एकअर्का विरुद्ध खडा गरेर बंगालको सामाजिक एकतालाई क्षति पुऱ्याएको आरोप लगाउनुभयो।
- श्री शाहले पश्चिम बंगाल सरकारले घुसपैठिहरुलाई संरक्षण दिईरहेको आरोप लगाउनु भएको छ।
- वित्त मन्त्री निर्मला सीतारामनले भोलि लोकसभामा वर्ष 2026-27 को केन्द्रीय बजेट प्रस्तुत गर्नुहुनेछ।
- दोस्रो इबरा साहित्यिक पुरस्कार साहित्यकार गणेश बराईलीलाई प्रदान गरिने निर्णय गरेको छ।
- मौसम विभागले, उत्तर बंगालका बिबिन्न जिल्लाहरुमा आउने केहि दिनहरुमा बाक्लो कुहिरो लाग्ने सम्भावना व्यक्त गरेको छ।

**<u>अमित शाह बागडोगरा</u>**

केंद्रीय गृह मंत्री अमित शाहले पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जी र तृणमूल कांग्रेस माथि तिखो हमला गर्दै टीएमससीले समाजलाई बिभाजित गरेको र राज्यलाई कमजोर गरेको आरोप लगाउनु भएको छ। बागडोगरामा भाजपाको एक ऱ्यालीलाई सम्बोधित गर्दै श्री शाहले ममता बनर्जीको नेतृत्वमा रहेको सरकारले समुदायहरूलाई एकअर्का विरुद्ध खडा गरेर बंगालको सामाजिक एकतालाई क्षति पुऱ्याएको आरोप लगाउनुभयो। श्री शाहले पश्चिम बंगालमा भाजपा सरकार आए अवैध बंगलादेशी घुषपैठियाहरूलाई जरा देखि नै उखेलेर फ्यांकिने, 45 दिन भित्रमा राज्यको खुला सीमानामा कांडेतार तगाउन सीमा सुरक्षा बललाई 45 दिन भित्रमा जमीन उपलब्ध गराइनेछ तथा देशको सुरक्षालाई बलियो गरिने, उत्तर बंगालको लागि पर्याप्त बजेट आवंटित गरिने सगै चीया श्रमिकहरूको हक र जमीनको अधिकार प्रदान गर्दै पश्चिम बंगालको गौरव र समृद्धिलाई पुनः फर्काइने बताउनु भयो।

*बाइट*

श्री शाहले भन्नुभयो स्वामी विवेकानंद, कवि गुरू रविन्द्र नाथ टैगोर, ऋषि अरविंद, नेताजी सुभाष चंद्र बोस, बंकिम चन्द्र चट्टोपाध्याय, श्यामा प्रसाद मुखर्जी आदि जस्ता नेताहरूको सोनार बांगलाको सपना पुरा गरिनेछ। केन्द्रीय गृहमंत्री तथा भाजपाका बरिष्ठ नेता अमित शाहले आज सिलगडीको बागडोगरा स्थित गोसाईपुर मैदानमा पार्टीका कार्यकर्ताहरूको सम्मेलनलाई सम्बोधित गर्दै उक्त कुरा भन्नु भयो। उत्तर बंगालका भाजपाका पाँच सांगठनिक जिल्लाहरू दार्जिलिंग, कालेबुंग, सिलगढी, कूचबिहार, अलिपुरद्वार र जलपाईगुड़ीका झण्डै चार हजार भन्दा अधिक भाजपाका बुथ, मण्डल, महकुमा, जिल्ला कार्यकर्ताहरूलाई एवं सांसद विधायकहरूलाई सम्बोधित गर्दै श्री शाहले मुख्य मंत्री ममता ब्यानर्जीलाईको टीएमसी सरकार भ्रष्टाचारमा चुर्लुम्म ठुबेको आरोप लगाउँदै टीएमसीका 23 भन्दा बडी नेता र मंत्रीहरू भ्रष्टाचारको मामिलामा जेलमा छन् या जमानतमा छन् भन्नु भयो।

*उहाँले मुख्यमंत्री ममता ब्यानर्जीको सरकारले बंगाललाई बर्बाद गरि सकेको भन्दै टीएमसी भन्दा त कम्युनिस्ट सरकार नै ठीक थियो भन्नु भयो। उहाँले गम्भीर आरोप लगाउँदै भन्नु भयो ममता सरकार माँ माटी मानुसको नारा दिएर सत्तामा आयो तर आज राज्या की आमाहरू मातृशक्ति सब भन्दा बढी असुरक्षित छन्। माटी माथि अबैध बंगलादेशीहरूले कब्जा गर्दै जनसांख्यिकी परिवर्तन गरि रहेका छन् जसले गर्दा राज्य मात्रै होइन तर देश समक्ष पनि खतरा उत्पन्न भएको श्री शाहले भन्नु भयो। उहाँले ममता राजमा मानिसहरूको हालत एकदमै खराब हुन्दै गएकोछ र मानिसहरू आज त्रस्त छन् भन्नु भयो। उहाँले ममता राजमा गोरखा, आदिबासी, राजबंशी, बंगाली र हिन्दीभाषी सबै उपेक्षित छन् भन्नु भयो। उहाँले वन्देमातरम गीतको 150 औं वर्षगांठमा संसदमा टीएमसीले अबैध बंगलादेशीहरूलाई खुशी राख्न बिरोध गरेको उल्लेख पनि गर्नु भयो। उहाँले पार्टी कार्यकर्ताहरूलाई जीतको मंत्र दिन्दै प्रत्येक बुथलाई बलियो पार्ने आह्वान गर्दै टीएमसीको भ्रष्ट सरकारको विदाई 2026 मा निश्चित छ भनि ठोकुआ गर्नु भयो। यस सम्मेलनमा भाजपाका प्रदेश अध्यक्ष समिक भट्टाचार्य, विधानसभामा विपक्षी नेता सुभेन्दु अधिकारी, केन्द्रीय मंत्री सुकांत मजूमदार सहित पार्टीका सबै सांसद विधायकहरू उपस्थित थिए।*

आज उत्तर 24 परगना जिल्लाको ब्यारकपुरमा भाजपा कार्यकर्ताहरूको बैठकलाई सम्बोधित गर्दै अमित शाहले आगामी विधानसभा चुनावमा तृणमूल काग्रेस सरकार पराजित हुनु तय छ भन्नुभयो।उहाँले भन्नुभयो पश्चिम बंगालमा भाजपा सरकारको गठन राज्यको लागि मात्र नभएर सम्पूर्ण देशको राष्ट्रिय सुरक्षाको लागि पनि आवश्यक छ। अमित शाहले भन्नुभयो पश्चिम बंगालमा जस्तो प्रकारले घुसपैठ भइरहेको छ त्यो सम्पूर्ण देशको लागि सुरक्षाको ठूलो मुद्दा बनेको छ। उहाँले आरोप लगाउँदै भन्नुभयो अदालतको आदेश पछि पनि, तृणमूल सरकारले सीमामा बार लगाउन बीएसएफलाई जमीन दिईकोको छैन किनभने घुसपैठीहरु

उसको भोट बैंक हुन्। दक्षिण 24 परगनाको, नरेन्द्रपुरको नाजिराबादमा एक गोदाममा आगलागी हुँदा 27 जनाको मृत्यु भएको छ। श्री शाहले घटनाको निष्पक्ष जाँचको माग गर्दै यो घटना सत्तारूढ पार्टीको भ्रष्टाचारको परिणाम भएको बताउनुभयो। उहाँले मृतकको मुद्दामा मुख्यमन्त्रीले वोट बैंकको राजनीति गरिरहेको आरोप समेत लगाउनु भयो।अमित शाहले टीएमसीले मतुआ र नामशुद्र समुदायलाई धम्की दिएको आरोप लगाउनु भयो। उहाँले यी समुदायहरू डराउनु पर्दैन भन्दै कसैले पनि उनीहरूको वोट छुन सक्दैन भनेर आश्वासन दिनुभयो। गृहमन्त्रीले टीएमसीले संसदमा वन्दे मातरम् बारे चर्चाको क्रममा विरोध गरेको आरोप पनि लगाउनुभये। उहाँले जनतालाई तृणमूल शासनलाई उखालेर फ्याक्न र बंगालमा देशभक्त वा राष्ट्रवादीको सरकार बनाउन अपील गर्नुभयो।

*बाइट*

**निर्मला- बजट**

वित्त मन्त्री निर्मला सीतारामनले भोलि लोकसभामा वर्ष 2026-27 का केन्द्रीय बजेट प्रस्तुत गर्नुहुनेछ। लोकसभापछि, बजेटको प्रति राज्यसभाको पटलमा राखिनेछ। वर्ष 2019 मा वित्त मंत्रीको पदभार ग्रहण गरेपछि यो श्रीमती सीतारामनको लगातार नवौं बजट हो।संसदमा बजट भाषण सम्पन्न भएपछि बजेटको प्रति मोबाइल एप र वेबसाइटमा पनि उपलब्ध हुनेछ। वित्त मंत्रीले बजटपछि देशका विभिन्न क्षेत्रका महाविद्यालहरुबाट आएका तीस विद्यार्थीहरूसित संवाद गर्नुहुनेछ। यसअघि, वित्तमन्त्रीले कैयन हितधारकहरुका साथ बजट पूर्व परामर्श बैठक गर्नुभयो। यसमा अर्थशास्त्री, व्यापार संघ, शिक्षा तथा स्वास्थ्य क्षेत्र, लघु तथा मध्यम उद्यम, व्यापार तथा सेवा क्षेत्र, उद्योग, वित्तीय क्षेत्र र पूँजी बजारका विशेषज्ञ र प्रतिनिधिहरू सामेल थिए।

**भारत-बंगलादेश सीमा घुसपैठ**

भारत-बंगलादेश सीमामा अवैध घुसपैठ रोक्ने अभियानमा मालदा जिल्लाको हबिबपुर पुलिसले ठूलो सफलता हासिल गरेको छ। पैसाको साटोमा बंगलादेशी नागरिकहरूलाई अवैध रूपमा भारतीय क्षेत्रमा प्रवेश गर्न मद्दत गरेको आरोपमा एक भारतीय युवकलाई पक्राउ गरिएको छ। पक्राउ परेका अभियुक्तको पहिचान हबिबपुरको आगरा हरिश्चन्द्रपुर क्षेत्रको निवासी राजु मण्डल उर्फ सुजित चौधरी को रूपमा गरिएको छ।

**गोर्खा जनमुक्ति मोर्चा**

गोर्खा जनमुक्ति मोर्चा कालेबुङ जिल्ला समितिको एक बैठक पार्टी कार्यालयमा सम्पन्न भयो। जिल्लाका पदाधिकारी, विभिन्न समष्टिका प्रतिनिधि साथै पार्टी कार्यकर्ताहरूको उपस्थिति रहेको उक्त सभाले आगामी राजनीतिक गतिविधिहरूको दिशा तय गर्ने महत्वपूर्ण भूमिका खेलने बताइएको छ।

**तक्दाह**

तक्दाह-ग्लेनबर्न समष्टि अधीनस्थ रहेको सिग्रीम्ताम ग्राम पन्चायतका पाँच वटा संसद भित्रका प्लास्टिक संग्रह समुहका दशजना सदस्यहरुको सिग्रीम्ताम प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य जाँच सम्पन्न गरिएको छ । उक्त जाँचको अवधि उच्च रक्त चाप,निम्न रक्त चाप,सुगर लगायत अन्य शारिरीक रोगादिको जाँच गरिएको थियो।

**इबरा**

तराईको सक्रिय साहित्यिक संस्था इबरा साहित्य प्रतिष्ठानले दोस्रो इबरा साहित्यिक पुरस्कार मिरिकका कथाकार, उपन्यासकार गणेश बराईलीको 'मनोयोग' कथा संग्रहलाई प्रदान गरिने निर्णय गरेको छ। आफ्नो स्थापनाको पाँचौ बर्षको स्थापना दिवस अर्थात ९८ औं इबरा जन्म जयन्तीको अवसरमा उक्त पुरस्कार प्रदान गरिने निर्णय गरिएको इबरा साहित्य प्रतिष्ठानका महासचिव मनोहर शर्माले जनाएका छन्।

*गत वर्ष देखि इबरा जयन्तीमा प्रदान गर्न शुरु गरिएको यस पुरस्कारको निम्ति प्रतिष्ठानले तीन जुरी सदस्य सँगै इबरा साहित्य प्रतिष्ठानको एक पुरस्कार चयन समिति गठन गरेको थियो जसको आधारमा गणेश बराईलीको 'मनोयोग' कथा संग्रहलाई यो पुरस्कार प्रदान गरिने निधो गरिएको हो। प्रतिष्ठानले गत सेप्टेम्बर २०२५ मा दोस्रो इबरा साहित्य पुरस्कारको निम्ति पुस्तकहरु पठाउने आह्वान गरेको थियो जसमा कुनै पनि बिधाको सन् २०२२ देखि २०२५ सम्म प्रकाशित पुस्तकहरू पठाइदिने आह्वान गरेको थियो। मोठ ४० जना लेखकहरूले आफ्नो पुस्तकहरु पठाएका थिए जसमा गणेश बराईलीको 'मनोयोग' लाई दोस्रो पुरस्कार दिइने घोषणा गरिएको हो। पुरस्कारमा कदर पत्र, स्मृति चिन्ह,शिर शोभा, दोसल्ला लगायत नगद राशिले पुरस्कृत गरिने छ।*

**टिस्टा**

तकलिङ्ग-पेशोक समष्टि अधीनस्थ रहेको टिस्टा ग्राम पंचायतका नौ वटा वार्डहरुका मतदाताहरुमा एसआईआर - को हेयरिंग आज टिस्टा ग्राम पंचायत कार्यालयमा सम्पन्न भयो। आज बिहान दस बजे देखि शुरू भएको उक्त हेयरिंगमा टिस्टा ग्राम पंचायत क्षेत्रका मतदाताहरुको एसआईआर प्रक्रियामा भेटिएका समस्याहरुलाई सुनुवाईमा बोलाइएको बताइएको छ।

**रेलिङ**

रेलिङ गाउँ सुधार समाजको बार्षिक आमसभामा समाजका कर्मठ दुइ सदस्यहरूलाई नागरिक सम्मानले सम्मानित गरियो। समाजका सभापति एमबी गुरूङको अध्यक्ष्यतामा सम्पन्न सभामा बिष्णुकान्ता शर्माले स्वागत मन्तव्य राखेको कार्यक्रममा समाजका कर्मठ सदस्यद्वय क्रमशः आश बहादुर खालिङ अनि गर्जमान राईलाई समाजप्रति दिएको योगदान, निष्ठा अनि ईमानदारीको कदर गर्दै नागरिक सम्मानद्वारा सम्मानित गरेका छन।

**राष्ट्रिय अरोमा मिसन**

राष्ट्रिय अरोमा मिसन, भारत सरकार अन्तर्गत प्राकृतिक खेती अनि प्रमाणीकरण अन्तर्गत बैज्ञानिक तथा औद्योगिक अनुसंधान परिषद, जोरहाटको प्रायोजनामा एक दिवसीय प्रशिक्षण कार्यक्रम दार्जिलिंग पुलबजार खण्डको झेपी ग्राम कानकेबोङमा सम्पन्न गरियो र कार्यक्रममा बबुने फूलको (chamomile flower) एक लाख बिरुवा साथै थप ३० एकड जमीनमा खेती हेतु बिउ वितरण गरियो।

**स्रष्टा सङ्गम**

भारतीय नेपाली भाषी इसाई स्रष्टाहरुको साझा मञ्च स्रष्टा सङ्गमको दुई दिवसीय छैंटौं वार्षिक सम्मेलन खर्सँग महकुमाको सिटोङमा सम्पन्न भएको छ। स्रष्टा सङ्गमको केन्द्रीय सभापति एल्डर राजु राईको अध्यक्षतामा सम्पन्न कार्यक्रमको दोस्रो दिन पनि साहित्यिक कार्यक्रम लगायत गीत र नृत्य प्रस्तुत गरिएको थियो।

**मौसम**

मौसम विभागले, उत्तर बंगालका जिल्लाहरु दार्जिलिंग, अलीपुरद्वार, जलपाईगुड़ी र कूचबिहार सहित कैयन जिल्लामा आउने दिनहरुमा बाक्लो कुहिरो लाग्ने सम्भावना व्यक्त गरेको छ। विभाग अनुसार, आगमी केहि दिनहरुमा न्यूनतम तापमानमा कुनै ठुलो परिवर्तन हुनेछैन। दार्जिलिंगका पहाड़ी क्षेत्रहरुमा तापमान चार देखि छ डिग्री सेल्सियस बीच रहेने अनमान गरिएको छ।

**बडाँगाव**

हामो गाउँ हामो समाधान अनुसार पश्चिम बंगाल सरकार आर्थिक सहयोगमा सिगीम्ताम ग्राम पन्चायत अन्तगर्त बुथ नम्बर २४/३७ बडाँगाव ग्लेनबर्ण चियाबारीमा २९ वटा सोलर लाइट जडान पुजा अर्चनाको साथमा गरियो।

**तिरान्दाजी-कालेबुङ्ग**

तिरन्दाज एसोसिएसन कालेबुङको आयोजनामा चार दिवसीय राज्यस्तरीय ४६ औँ राज्य आर्चरी प्रतियोगिता मेला ग्राउन्डमा सम्पन्न भइरहेको छ। २८ जनवरीदेखि शुरु भएको यस प्रतियोगितामा राज्यभरिका विभिन्न जिल्लाबाट प्रतियोगीहरुले अंशग्रहण गरिरहेका छन्।

****** ० ******